# भाग ४

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४२।८।२८ को निर्णयानुसार राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरेको छ।

| सि.नं. | नाम र थर | साविक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री बाबुराम पौडेल | ना. सु., क्षेत्रीय योजना कार्यालय, पोखरा। | रा.प. तृतीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| २. | श्री वासुदेव उप्रेती | ना.सु., लोक सेवा आयोग क्षे.का., काठमाडौं। | रा.प. तृतीय श्रेणी, लोक सेवा आयोग वा अन्तर्गत कार्यालय। |
| ३. | श्री केदारबहादुर बोगटी | ना. सु., आवास भवन तथा भौतिक परियोजना विभाग। | रा.प.तृतीय श्रेणी, स्वास्थ्य मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ४. | श्री जीतेन्द्रबहादुर भण्डारी | ना.सु., साझा विकास प्रशिक्षण केन्द्र। | रा.प. तृतीय श्रेणी, भूमिसुधार मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ५. | श्री हेमराज ओझा | ना.सु., क्षेत्रीय कृषि निर्देशनालय, विराटनगर। | रा.प. तृतीय श्रेणी, कृषि मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ६. | श्री शेषकान्त शर्मा शास्त्री | ना.सु., धवलागिरि अञ्चलाधीश कार्यालय। | रा.प. तृतीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ७. श्री शारदाप्रसाद शर्मा पौडेल | ना.सु., कपिलवस्तु जिल्ला वन कार्यालय । | रा. प. तृतीय श्रेणी, वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ८. श्री दण्डपाणी पौडेल | ना.सु., लोक सेवा आयोग । | रा.प. तृतीय श्रेणी, भूमि-सुधार मन्त्रालय वा अन्तर्गत कार्यालय । |

## सूचना २

श्री ५ को सरकारले मिति २०४२।९।८ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत (इन्स्ट्रक्टर) श्री कृष्ण घिमिरेको राजीनामा मिति २०४२।९।७ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०४२।९।२२ को निर्णयानुसार जलस्रोत मन्त्रालयका बडालेखापाल श्री पितृभक्त पोखरेललाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (५) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०४२।९।२२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री शंकरप्रसाद रञ्जितकारलाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (५) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

४६२